# कृष्णपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
गुलरिया, कञ्चनपुर, सुदुरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या : २०७५/७६
चलानी नं १११४
मितिः २०७५/१२/१०

कृष्णपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय गुलरिया, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

विषयःवेरोजगार निवेदन सम्बन्धमा।

श्री ९ ओटै वडा कार्यालयहरु
कृष्णपुर न. पा. कञ्चनपुर

प्रस्तुत विषय सम्वन्धमा नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय "प्रधानमन्त्री रोजगार कार्यक्रम" को **न्युनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिने वारेको** सुचना १ प्रति यस पत्र साथ संलग्न छ । वडामा जानकारी गराई वेरोजगार व्यक्तिहरुको सुचिमा सुचिकृत हुन निवेदन दिन इच्छुक व्यक्तिहरुको निवेदन संकलन गर्न हुन आदेशानुसार अनुरोध छ ।

(प्रेम बहादुर विष्ट)
नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# प्रधानमन्त्री रोजगार कार्यक्रमको

## न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७६।७७ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७५ चैत्र महिनामा आफूले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को अनुसूची १ बमोजिम हुनु पर्नेछ । निवेदनको ढाँचा र यस सम्बन्धी विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिने छ ।

(निवेदनको ढाँचा अर्को पेजमा पनि उपलब्ध छ ।)